# नगर प्रमुख श्री तर्क बहादुर बडुवालले आठबीस नगर सभामा प्रस्तुत गर्नुभएको आठबीस नगर सरकारको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

आठबीस नगर सरकार

२०८३ असार १०

नगर सभाका सदस्यज्यूहरु,

आठबीस नगरपालिकाको नगर प्रमुखको रुपमा आठबीस नगर सभामा आठबीस नगर सरकारको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम मार्फत सम्बोधन गर्न पाउँदा गौरवको अनुभूति गरेको छु।

सर्वप्रथम सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि अमुल्य जिवन उत्सर्ग गर्नुहुने महान् सहिदहरु प्रति श्रद्धासुमन अर्पण गर्दछु। बेपत्ता परिवार घाइने अपाङ्ग तथा आन्दोलनमा अमुल्य योगदान गर्नुहुने सम्पुर्ण दिदिबहिनी र दाजुभाइहरुप्रति उच्च सम्मान गर्दछु। साथै यस क्रममा भएका सबै आन्दोलन, संघर्ष र आठबीस नगरपालिका स्थापनाको लागि नेतृत्व गर्नुहुने महानुभावहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु।

"आठवीस नगरको समुन्नतिका आधार, शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार" भन्ने दिर्घकालीन परिकल्पनालाई कार्यान्वयन गर्न नेपालको संविधान, दिगो विकासका लक्ष्यहरु, राष्ट्रिय र प्रादेशिक नीति, स्थानीय सरकार सञ्चालन ऐन, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, र प्रचलित कानूनहरुको अधिनमा रहि वर्तमान राजनीतिक सामाजिक र आर्थिक परिवेश, विगतका वर्षहरुका नीति तथा कार्यक्रम समेतलाई आधार मानी देहायका विषयलाई प्राथमिकतामा राखिएको छ।

(क) पालिका देखि वडा कार्यालय सम्म जोड्ने सडकको स्तरोन्नती गरी पालिका सम्मको यातायात सुनिश्चित गर्ने।

(ख) पालिकाभित्र स्वच्छ खानेपानी तथा सरसफाई सेवाको विस्तार गर्ने।

(ग) रैथाने बालि, फलफुल उत्पादन, तरकारी खेती, उच्च मूल्य कृषि उत्पादनको विकास र प्रवर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व वृद्धि मार्फत नगरपालिकालाई खाद्य उत्पादनमा आत्मनिर्भर गर्ने। साथै पशु नस्ल सुधार कार्यक्रम मार्फत पशुजन्य उत्पादनमा आत्मनिर्भर गर्ने।

(घ) विद्यालय तहसम्मको शैक्षिक गुणस्तर सुधार मार्फत सुसंस्कृत समाज र मावन पुँजीको विकास गर्ने।

(ङ) आधारभूत स्वास्थ्य सेवाको गुणस्तर सुदृढीकरण गर्दै नगरवासीको पहुँच सुनिश्चित गर्ने।

(च) व्यवसायिक सीप विकास एवं उद्यमशीलता विकास गरी स्वरोजगारका अवसर सिर्जना गर्ने।

(छ) आठबीसका धार्मिक एवं पर्यटकीय स्थलको प्रचार प्रसार र पर्यटन प्रवर्द्धन गर्न “भिजिट आठबीस, २०८३” कार्यान्वयन गर्ने।

(ज) प्रशासनिक सरचनाको सुदृढीकरण, जनशक्ति व्यवस्थापन तथा क्षमता अभिवृद्धि र सूचना प्रविधिमा आधारित सेवा प्रवाह मार्फत सुशासन कायम गर्ने।

नगरसभा सदस्यज्यूहरु,

१. आठबीस नगरपालिकाबाट वडा कार्यालयहरुसम्म जोड्ने सडकको विस्तार र स्तरोन्नती गरिनेछ। वडाभित्रका टोल वस्तीहरुबाट वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय र क्याम्पससम्म पुग्ने सडकको विस्तार गरिनेछ।
२. खानेपानीको गुणस्तर सुधार कार्यक्रम मार्फत नगरबासिलाई स्वच्छ खानेपानीको सुनिश्चिता गरिनेछ। खानेपानीको पहुँच सुनिश्चता गर्न अधुरा योजनाहरुलाई पुर्णता दिइ खानेपानी सेवा विस्तार गरिनेछ। साथै आठबीस बासीको न्युनत्तम सरसफाई सेवाको सुनिश्चितता गर्न एक घर एक शौचलय कार्यक्रम सञ्चालन गरिनेछ।

३. आठबीसमा उत्पादन हुने रैथाने वाली कोदो, फापर, टिमुर लगायतका वालीहरुको विकास र प्रवर्द्धन गर्न कृषकहरुलाई प्रोत्साहन गरिनेछ। फलफुल, तरकारी खेती, उच्च मुल्य कृषि उत्पादनको निशुल्क वीउवीजनको व्यवस्था गरिनेछ। कृषि संकलन केन्द्रको स्थापना गरिनेछ।कृषि उत्पादनको प्याकेजिङ्ग, ग्रेडिङ्ग र ब्रान्डिङ्ग गरी वजारीकरण गरिनेछ।

४. आठबीस नगरपालिका क्षेत्रमा सुन्तला, कागती, केरा, आँप र तरकारी खेतीको पकेट विकास कार्यक्रम थप विस्तार गर्दै लगिनेछ। व्यवसायिक रुपमा खेति गरिरहेको किसानहरुका लागि साझेदारीमा आधारित प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ।

५. पशुजन्य उत्पादनमा वृद्धि गर्न नश्लसुधार कार्यक्रम गरिनेछ। पशुपन्छीमा हुने महामारी रोकथाम तथा नियन्त्रण गर्न खोप कार्यक्रम सञ्चालन साथै पशु प्रयोगशालाको स्थापना र सञ्चालन गरिनेछ।

६. आठबीस नगरपालिकाको शैक्षिक रणनीति तयार गरी लागू गरिनेछ। सङ्घीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी विद्यालयको भौतिक पुर्वाधार, डिजिटल पुर्वाधार निर्माण तथा सुधार गरिनेछ।

७. शैक्षिक गुणस्तर सुधारका लागि शिक्षकको क्षमता अभिवृद्धि तथा पेशागत सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ।शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी नपुगेका विद्यालयहरुलाई शैक्षिक सुदृढीकरण अनुदान प्रदान गरिनेछ।

८. सीपयुक्त जनशक्ति उत्पादन गरी स्वरोजगार सिर्जना गर्न युवाको ज्ञान, सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ।आठबीस नगरपालिकाबाट राष्ट्रियस्तरका खेलाडी उत्पादन गर्न विद्यालय र नगरपालिकास्तरमा खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ। लागू पदार्थ दुर्व्यसनी न्यूनीकरणका लागि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

९. एकल महिला, गरिव विपन्न नागरीक, वैदेशिक रोजागरिबाट फर्केका युवाहरुको लागि स्वरोजगार सिर्जना गर्न स्थानीय स्तरमा आधारित सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१०. समाजमा हुने गरेका महिला हिंसा र बाल विबाह न्यूनिकरण लागि सचेतना कार्यक्रम संचालन गरिनेछ। उप प्रमुखसँग महिला तथा बालवालिका कार्यक्रम निरन्तर गरिनेछ।

११. आधारभूत अस्पताल सञ्चालन मापदण्ड, २०८१ बमोजिम राकमकर्णालीमा ५ शैयाको अस्पताल सञ्चालन गरिनेछ। आधारभूत स्वास्थ्य केन्द्रहरुको भौतिक पुर्वाधार, औषधी उपकरण, सूचना प्रणाली र जनशक्ति व्यवस्थापन गरी न्यूनतम सेवा मापदण्ड पुरा गरिनेछ।

१२. नगरपालिकामा सञ्चालित नागरिक आरोग्य सेवा केन्द्रमार्फत आयुर्वेदिक स्वास्थ्य सेवालाई थप विस्तार गरिनेछ। आठबीस बासीको स्वस्थ्य जीवनशैलीको लागि योग शिविरहरु सञ्चालन गरिनेछ।

१३. आठबीस नगरपालिकाको वडा नं १ देखि ९ सम्म पोषण कार्यक्रम सञ्चालन गरिनेछ।

१४. किटजन्य, महामारी तथा सरुवा रोगहरुको रोकथाम र नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ। एक स्वास्थ्य अवधारणा अन्तर्गत जुनोटिक रोग रोकथाम र नियन्त्रण साथै प्रतिजैविक प्रतिरोध सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१५. घरमै बच्चा जन्माउने दर शून्य गर्न बर्थिङ सेन्टरहरुमा सुत्केरी महिलाहरुको लागि पोषिलो खाना कार्यक्रम सञ्चालन गरिनेछ। कुपोषित बालबालिकाको लागि पोषण कोशेली प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

१६. आठबीस नगरपालिका भित्रका गर्भवती महिला, नवजात शिशु, ७५ वर्ष नाघेका वृद्धवृद्धा र विपद्जन्य घटनाहरुमा परेका नागरिकहरुका लागि निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ।

१७. आठबीसका धार्मिक एवं पर्यटकीय स्थलको प्रचार प्रसार र पर्यटन प्रवर्द्धन गर्न "भिजिट आठबीस, २०८३" कार्यान्वयन गरिनेछ। टुरिजममा आधारित होटल व्यवसायीहरुका लागि हस्पिटालिटि तालिम सञ्चालन गरिनेछ।आठबीसका प्रमुख बजारहरुमा बजार सौन्दर्यकरण कार्यक्रम सञ्चालन गरिनेछ। सङ्घीय, प्रदेश सरकार र निजीक्षेत्रसँगको समन्वय र सहकार्यमा धार्मिक एवं पर्यटकीय स्थलको पूर्वाधार विकास, जलयात्रा सेवाको विस्तार गरी प्रचार प्रसार गरिनेछ।

१८. जेष्ठ नागरिक, महिला बाललाविका, एकल महिला, विपन्न नागरिक र अपाङ्गता भएका ब्यक्तिहरुका लागि आर्थिक सहुलियत, स्वास्थ्य परीक्षण, सम्मान कार्यक्रम सञ्चालन जातीय विभेद तथा छुवाछुत विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्वन गरिनेछ। दलित समुदायको शिक्षा स्वास्थ्य र रोजगारीमा विशेष अवसर सुनिश्चित गरिनेछ। दलित समुदाय तथा सिमान्तकृत समुदायको आर्थिक सशक्तिकरणको लागि सीपमूलक तथा उद्यमविकास कार्यक्रम सञ्चालन गरिनेछ। नीति निर्माण तथा नेतृत्व तहमा दलित समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ। दलित समुदायको ज्ञान सीप र सांस्कृतिक पहिचानको संरक्षण पर्वधन गरिनेछ।

१९. आठबीस नगरपालिका भित्र पाईने अल्लो, चुत्रो लगायतका वन पैदावरको संकलन प्रणालीलाई व्यवस्थित बनाईनेछ। निजी क्षेत्रसँग समन्वय र सहकार्य गरी नगरपलिकाभित्रै प्रशोधनको गर्ने कार्यको थालनी गरी ब्यापारमा सहजीकरण गरिनेछ।

२०. स्थानीय राजस्व परिचालन नीति निर्माण तथा कार्यान्वयन मार्फत आन्तरिक राजस्व प्रणालीमा सुधार, राजस्व चुहावट नियन्त्रण, करको दायरामा विस्तार गरी स्थानीय स्रोतबाट नै नगरपालिका सञ्चालनको आधार तयार गरिनेछ।

२१. चालू आर्थिक वर्षभित्रै नगरकार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्थानीय तहबाटै प्रदान हुने करदाता सेवा र भूमि प्रशासन सम्बन्धी सेवाको पूर्णता दिइनेछ। नगरपालिका मातहतका सबै कार्यालयहरुमा विद्युतीय हाजिरी अनिवार्य गरिनेछ। नगरकार्यपालिकाको कार्यालय र मातहतका कार्यालयको व्यवस्थापन परीक्षण शुरु गरिनेछ। एकिकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) शुरु गरिनेछ। सूचना प्रविधिमा आधारित क्षमता अभिवृद्धि कार्यक्रम कार्यान्वयन गरिनेछ। कर्मचारीको मनोबल उच्च बनाउन कार्यसम्पादनमा आधारित पोत्साहन प्रणालीको सुरुवात गरिनेछ।

नगरसभा सदस्यज्यूहरु,

२२. आठबीस नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को प्रस्तुत नीति तथा कार्यक्रमले संविधानमा उल्लिखित स्थानीय तहका अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार कार्यान्वयन मार्फत आठबीस नगरबासीको आकाङ्क्षालाई पुरा गर्नेछ। यस नीति तथा कार्यक्रमका उद्देश्यहरु प्राप्त गर्न सङ्घीय सरकार र प्रदेश सरकारसँग समन्वय र सहकार्यको नीति लिइनेछ।

२३. अन्त्यमा नीति तथा कार्यक्रम तर्जुमा गर्न महत्वपुर्ण सुझाव र सल्लाह दिनुहुने नगरसभा सदस्यज्यूहरु, सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, मजदुर किसान, उद्योगी व्यवसायी, नागरिक समाज, सञ्चारकर्मी लगायत सम्पुर्ण दिदिबहिनी र दाजुभाइहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै प्रस्तुत नीति तथा कार्यक्रमलाई नतिजामुखि हुने गरी कार्यान्यवन गर्न सम्बद्ध सबै पक्षको सहयोग प्राप्त हुने अपेक्षा गरेको छु।